नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

**कार्यालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाको**

**सुरक्षा सेवा खरिद सम्वन्धी सूचना**

(प्रथम पटक पकाशित मिति : २०७८।०३।०२ गते)

१. यस कार्यालयका लागि आ.ब. २०७८।७९ मा तपसिल बमोजिमका सेवा सिलवन्दी दरभाउपत्रका माध्यम बाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म, सस्थाहरुबाट निम्न शर्तका अधिनमा सिलवन्दी दरभाउपत्र आवह्वान गरिएका छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | **FCGO/NC/SQ/01/078/79** | **कार्यालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जेनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाका सुरक्षा सेवा खरिद** | ९,६०,०००। | २६,४००।०० |

२. सिलवन्दी दरभाउपत्रका ग्राह्यता (इलिजिबिलिटी) का आधार तथा त्यस्ता आधार प्रमाणित गर्न सिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र साथ देहायका कागजातहरु पेश गनु पर्नेछ ।
फर्म, सस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि, मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७६।७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कालो सूचीमा नपरेको, अयोग्य नभएको, आफ्नो स्वार्थ नवाझिएको, सम्बन्धित पेशा वा व्यवसायमा कुनै कसुरमा सजाय नपाएको, भ्रष्टाचार जन्य कसूरमा मुद्दा दायर नभएको स्वःघोषणा पत्र (Declaration Letter)।

३. सिलवन्दी दरभाउपत्र फाराम रु. १,०००।- (फिता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७८ असार १६ गते कार्यालय समय सम्म खरिद गरी मिति २०७८ असार १७ गते १२:०० बजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्र साथ रु २६,४००।- रकममा नघटाइ दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट ७५ दिन सम्म मान्य अवधि भएको दरभाउपत्र जमानतको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

५. पेश हुन आएका सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०७८ असार १७ गते दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

६. एक फर्मका नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७. दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेका सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

८. दरभापत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यो सूचना यस कार्यालयका वेभसाईट www.fcgo.gov.np तथा यस कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।

**खरिद एकाई**